

# प्रेस विज्ञप्ति

वि.सं. २०७५ साल बैसाख १८ देखि २४ सम्म आयोजना भएको एशियाली विकास बैंकका गभर्नरहरुको ५१ औं वार्षिक बैठकमा भागलिन माननीय अर्थ मन्त्री डा.

युवराज खतिवडा बैसाख २० गते फिलिपिन्सको मनिला आएको अवसरमा बैङ्कका अध्यक्ष ताकेहिको नकाओकोसँग मिति २०७५ साल बैशाख २० गते द्धिपक्षीय बैठक गर्नु भयो।

बैठकमा अर्थमन्त्री डा. खतिवडाले नेपालको समग्र विकास प्रयासमा बैंकले पुर्‍याएको सहयोग प्रति आभार व्यक्त गर्दै थप सहयोगका क्षेत्रहरुबारे छलफल गर्नुभयो। खासगरी नेपालमा तीब्र गतिमा भइरहेको शहरीकरणलाई थप व्यवस्थित र सुविधायोग्य तथा बस्नयोग्य बनाउन तथा शहरी क्षेत्रहरुलाई आर्थिक वृद्धिको माध्यम बनाउँदै यसलाई अग्र तथा पृष्ठ सम्बन्धका आधारमा ग्रामीण अर्थतन्त्रसँग जोड्दै जानु पर्ने भएकोले शहरी पूर्वाधार र यसमा ग्रामीण क्षेत्रलाई जोड्ने संरचनाहरु तयार गर्न आवश्यक लगानीका संभावनाहरु देखाउनुभयो।

अर्थमन्त्री डा. खतिवडाले दिगो विकासका लक्ष्यहरु हासिल गर्न नेपालले कुल गार्हस्थ उत्पादनको करिब ५० प्रतिशत लगानी गर्नुपर्ने र मौजुदा परम्परागत सहायता संरचना तथा राजस्व समेतले केवल ३५ प्रतिशत वरावरको लगानी गर्न सकिने अवस्था रहेको र भैरहेको राजस्वको स्रोत समेत क्षेत्रीय व्यापार अभिसन्धीहरुको कार्यान्वयन गर्नु पर्ने कारणले संकुचन हुँदै गएको परिप्रेक्षमा लगानीको खाडल पुर्ति गर्न नयाँ ढङ्गबाट अघि बढन जरुरी रहेको र संघीयताको कार्यान्वयन तथा प्रदेश र स्थानीय सरकारले दिने सेवा वितरण र आपसी सम्पर्क र पहुँचकालागि यातायात पूर्वाधार निर्माणमा आवश्यक पर्ने ठूलो वित्तीय स्रोतको आवश्यकता रहेको विषय औंल्याउनु भयो। साथै परम्परागत रुपमा परिचालन हुँदै आएको विकास सहायताको शैलीलाई परिवर्तन गरी फरक ढङ्गबाट दीगो विकासका लक्ष्यहरु हासिल गर्न र मुलुकलाई मध्यम स्तरको आय भएको मुलुकमा रुपान्तरण गर्न परियोजना विशेषमा भन्दा नीति तथा कार्यक्रममा आधारित भई क्षेत्रगत रुपमा

सहायता परिचालन गर्ने रणनीति अवलम्बन गर्न आग्रह गर्नु भयो। यसकालागि नियमित सहुलियतपूर्ण ऋणको अतिरिक्त अन्य उपकरणहरुबाट पनि थप स्रोतको प्रबन्ध गर्न र यसकालागि नेपाल तयार रहेको जानकारी गराउनु भयो।

बैठकमा बैङ्कका अध्यक्ष नकाओले नेपालले राजनैतिक स्थिरता प्राप्त गर्न सफल भएको तथा नयाँ संविधान कार्यान्वयमा लैजान सफल भएकोमा खुशी व्यक्त गर्नु भयो। अध्यक्ष नकाओले आफ्ना पछिल्ला नेपाल भ्रमणका अनुभवहरु तथा माननीय अर्थमन्त्रीसँग भएका अघिल्ला भेटघाटहरुको स्मरण गर्दै नेपालको भौगोलिक विविधताको कारण प्राप्त गर्न सक्ने लाभका क्षेत्रहरुमा लगानी बढाउन सकिने जानकारी गराउँदै मेलम्ची खानेपानी आयोजना सम्पन्न हुने क्रममा रहेकोमा खुशी व्यक्त गर्दै वितरण प्रणाली आधुनिकीकरण गर्दै यसको क्षमता बढाउन अधिकतम सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

बैठकमा नेपाल सरकारको प्रतिनिधिको रुपमा बैङ्कमा वैकल्पिक कार्यकारी निर्देशकको रुपमा कार्यरत सोमलाल सुवेदी, अर्थ मन्त्रालय अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव केवल प्रसाद भण्डारी र अर्थ मन्त्रालयका उपसचिव होमकान्त भण्डारीको उपस्थिति रहेको थियो ।